# प्रेस वक्तव्य

United Nations
Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

शुक्रबार, २०६७ कात्तिक ५

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार कार्यालयद्वारा महासेनानी राजु बस्नेतको कार्यकाल थप भएकोमा गम्भीर चिन्ता व्यक्त

**काठमाडौँ**– संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपालले नेपाली सेनाका अधिकृत राजु बस्नेतको कार्यकाल दुई वर्षका लागि थप गर्ने नेपाल सरकारको निर्णयप्रति आज गम्भीर चिन्ता व्यक्त गरेको छ।

उच्चायुक्तको कार्यालयले सन् २००३ देखि सन् २००५ सम्म महाराजगन्ज ब्यारेकमा भएको भनिएका स्वेच्छाचारी थुना, यातना तथा व्यक्ति बेपत्ता पार्ने कार्यसम्बन्धी आफ्नो अनुसन्धान प्रतिवेदन वि.सं. २०६३ जेठ १२ गते सार्वजनिक गर्यो। त्यस अवधिभर सो ब्यारेक तत्कालीन प्रमुख सेनानी राजु बस्नेतको कमान्डमा रहेको भैरवनाथ गणको नियन्त्रणमा रहेको थियो। सन् २००९ मा राष्ट्रिय मानवअधिकार आयोगले समेत सोही घटनाका सम्बन्धमा सरकारसमक्ष सिफारिस गर्यो। आयोग र उच्चायुक्तको कार्यालयलगायतको मानवअधिकार समुदायले महाराजगन्ज ब्यारेकमा गरिएको भनिएका उल्लङ्घनहरू र नेपालमा द्वन्द्वको अवधिमा भएका त्यस्तै अन्य घटनाहरूबारे विश्वसनीय, दक्ष, निष्पक्ष र पूर्णतया स्वतन्त्र अनुसन्धान गर्न बारम्बार आह्वान गरेको छ।

मानवअधिकार उल्लङ्घनमा संलग्न भएको भन्ने विश्वसनीय आरोप लागेका राज्यका कर्मचारीहरूलाई अनुसन्धान नसिकउन्जेल निलम्बन गर्न उच्चायुक्तको कार्यालयले सिफारिस गरेको छ।"महासेनानी राजु बस्नेतको कार्यकाल थप गर्ने कार्य तथा महाराजगन्ज ब्यारेकमा गरिएका भनिएका मानवअधिकार उल्लङ्घनबारे उपयुक्त अनुसन्धान थालनी गर्न ठोस कदमको अभाव मानवअधिकार उल्लङ्घनसँग सम्बन्धित द्वन्द्वपीडितहरूका लागि न्याय सुनिश्चित गर्ने कार्यबाट एक कदम पछाडि फर्कनु हो" उच्चायुक्तको कार्यालय–नेपालका अफिसर इन्चार्ज एन्थोनी कार्डनले भन्नुभयो।

यससम्बन्धी आफ्नो निर्णयमा पुनर्विचार गर्न तथा यस्ता घटनामा मुछिएका अधिकारीहरूको कार्यकाल थप गर्ने वा बढुवा गर्नेसम्बन्धी यस्ता अरू निर्णयहरू पूर्ण, पारदर्शी र निष्पक्ष अनुसन्धान पूरा नभएसम्म नगर्न उच्चायुक्तको कार्यालय–नेपाल सरकारलाई आग्रह गर्दछ।
अहिलेको समयमा सरकार र सबै राजनीतिक पात्रहरूले द्वन्द्वको अवधिमा मानवअधिकार उल्लङ्घनमा संलग्न पीडकहरूलाई न्यायको कठघरामा ल्याउने कुरा सुनिश्चित गर्न ठोस कदम चाल्नुपर्छ भन्ने उच्चायुक्तको कार्यालयलाई लागेको छ। विगतका कथित मानवअधिकार उल्लङ्घनमा मुछिएका ती सैनिक अधिकारीहरूको जवाफदेहिताको अभावले नेपाली सेनाको संस्थागत विश्वसनीयतामा आँच पुर्याउने मात्र होइन यसबाट मानवअधिकार उल्लङ्घनका पीडकहरूले कुनै परिणाम भोग्नुपर्दैन भन्ने सन्देश पनि आम जनतामा जान्छ।

**Office of the High Commissioner for Human Rights - Nepal**

Tel.: + 977 1 4280164
Fax: + 977 1 467 0712
Website: http://nepal.ohchr.org

For further information, contact
Chun Gurung
Ext. : 320
Email: cgurung@ohchr.org
Mobile: 98510 16937